नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**
**टेकु, काठमाण्डौ**

फोन नं: ०१-४२५५७९६
फ्याक्स: ०१ -४२६२२६८
Email: ewarsedcd@gmail.com
Website: edcd.gov.np
पचली, टेकु,
काठमाण्डौं, नेपाल

पत्र संख्या : २०७४/०७५
च.न

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

मिति :२०७४/१०/०५

**जानकारी सम्वन्धमा**

**जिल्ला : सोलुखुम्बु**

सोलुखुम्बु जिल्लाको महाकुलुङ्ग गाउँपालिका अर्न्तगत पेलवाङ्ग भन्ने ठाउँमा मिति २०७४/०९/३० गतेदेखि Influenza Like Illness (ILI) का विरामीहरुको संख्या बढेको भन्ने समाचारका सम्वन्धमा प्रकोप व्यवस्थापनको लागि गरेका कार्यहरु :

- मिति २०७४/०९/३० गते महाकुलुङ्ग गाउँपालिका अर्न्तगत पेलवाङ्गमा भाइरल ज्वरो देखा परेको, स्थानीय विद्यालयका शिक्षकद्धारा जि.स्वा.का. सोलुखुम्बुलाई जानकारी गराएको ।
- समाचार प्राप्त हुनासाथ मिति २०७४/०९/३० गते स्थानीय स्वास्थ्य चौकीबाट र मिति २०७४/१०/०१ गते सोताङ्ग प्राथमिक स्वास्थ्य केन्द्रबाट चिकित्सक सहितको टोली नियन्त्रणको लागि परिचालन गरिएको ।
- सो स्वास्थ्यकर्मीको टोलीले मिति २०७४/१०/०१ गते देखि हाल मिति २०७४/१०/०५ गतेसम्म ४२२ जना Influenza Like Illness (ILI) का विरामीहरुको उपचार गरेको ।
- मिति २०७४/१०/०१ गते ७५ वर्षिय महिला दमको विरामी उपचार गर्न लाने क्रममा बाटोमा नै मृत्यु भएको ।
- मिति २०७४/१०/०३ गते यस महाशाखा बाट Viral Transport Media (VTM), Tamiflu र आवश्यक औषधिहरु जि.स्वा.का.सोलुखुम्बुका RRT फोकल पर्सन कुमार के.सी.को मार्फत प्रभावित स्थलमा पठाइएको ।
- आज मिति २०७४/१०/०५ गते १६ वटा Throat Swab नमूना संकलन गरि आवश्यक परिक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु तर्फ ल्याउने क्रममा रहेको ।
- स्वास्थ्यकर्मीको टोली प्रभावित स्थलमा पुगेपछि थप मृत्यु नभएको ।
- प्रकोप व्यवस्थापनको लागि आवश्यकपर्ने औषधी मौज्दातमा रहेको ।
- Influenza Like Illness (ILI) बाट बच्ने उपायहरुबारेमा स्थानीय भाषा (राई), स्वास्थ्यकर्मीहरु, विभिन्न माध्यमबाट स्वास्थ्य शिक्षाका सन्देश तथा सूचनाहरु प्रवाह भइरहेको ।
- पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, धनकुटाबाट प्रभावित जिल्लाको आवश्यक निगरानी गरिरहेको ।
- यस महाशाखा प्रभावित जिल्लासंग निरन्तर सम्पर्कमा रहिरहेको ।